जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ४५ २०७८ साल भदौं २२ गते मंगलबार (7 Sep. 2021 Tuesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

कोभिड–१९ को संक्रमणबाट बचौं र बचाऔं

सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं :
- अनिवार्य रुपमा मास्क लगाऔं ।
- सेवा प्रवाहमा भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं।
- संक्रमणको शंका लागेमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : भाषा आयोगद्वारा प्रधानमन्त्री ... ३ पृष्ठमा : स्थानीय तहसँग जोडिँदै ... ३ पृष्ठमा तालिबानद्वारा पञ्जशिर प्रान्त ...

## नापी अधिकृत र वडा अध्यक्षको मिलोमतोमा नम्बरी जग्गालाई सार्वजनिक बाटो कायम गरेको आरोप



सप्तरीको रुपनी गाउँपालिका ५ साविकको बसबिटी गाविस निवासी विशेश्वर साहले आयोजित पत्रकार सम्मेलनमा जानकारी गराउँदै । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २१ भदौं ।**

सप्तरीको रुपनी गाउँपालिका ५ साविकको बसबिटी गाविस निवासी विशेश्वर साहले नापी कार्यालय राजविराजले अनाधिकृत रुपमा नम्बरी जग्गालाई बाटो कायम गरिदिएको भन्दै असन्तुष्टि जनाएका छन् ।

सोमबार नेपाल पत्रकार महासंघ सप्तरी शाखामा पत्रकार सम्मेलनको आयोजना गरि जग्गाधनी साहले राजविराज नगरपालिका वडा नं. ७ साविकको वडा नं. १ मा रहेको १ कठ्ा १५ धुर जग्गा मध्ये साढे ४ धुर जग्गालाई बाटो कायम गरि नापी गरिदिएको आरोप लगाए ।

उनले नापी शाखाका अधिकृत शत्रुधन प्रसाद यादव, अमिन नितिश कुमार मण्डल लगायतले आफुलाई थाहै नदिई सो जग्गालाई बाटो कायम गरि नापी दिएको गुनासो गरे । उनले स्थानिय रामप्रित मण्डल, वडा अध्यक्ष माँगिलाल नाई लगायतको मिलोमतोमा नापी अधिकृत यादवले रकमको प्रलोभनमा परि उक्त जग्गालाई नक्शामा बाटो देखाइदिएको आरोप समेत लगाए ।

बि.स. २००४ सालमा रहेको ब्लकको उक्त जग्गा २०३१ सालदेखी आफूले भोगचलन गर्दै आएको बताउँदै जग्गाधनी साहले हालपनि जग्गाको पूर्वमा सुशिला पाण्डे, पश्चिममा नाला, उत्तरमा बंगला तथा दक्षिणमा सुमित्रा पाण्डेको कित्ता भएको चौहदी प्रमाणित गरिएको कागजात रहेको बताए ।

चालु आ.ब. २०७८ साउन ३२ गते भुमिसुधार तथा मालपोत कार्यालय सप्तरीमा राजविराज वडा नं. १ कित्ता नं. १५ मध्ये क्षेत्रफल १ कठ्ा १५ धुर जग्गाको रु. ४४ मालपोत समेत तिरेको कागजात हुँदाहुँदै पनि नापी अधिकृत यादव र वडा अध्यक्ष नाईको

*बाँकी अन्तिम पृष्ठमा*

## कुटपिट गर्दै जग्गा मिचेको आरोप



सप्तरीको तिरहुत गाउँपालिका वडा नं. ५ लोहजारा निवासी मुनेश्वर मण्डल आयोजित पत्रकार सम्मेलनमा जानकारी गराउँदै । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २१ भदौं ।**

सप्तरीको तिरहुत गाउँपालिका वडा नं. ५ लोहजारा निवासी मुनेश्वर मण्डलले छिमेकी सुवालाल मण्डलले कुटपिट गर्दै आफ्नो जग्गा मिचेको आरोप लगाएका छन् ।

पीडित मुनेश्वर मण्डलले सोमबार नेपाल पत्रकार महासंघ सप्तरी शाखामा पत्रकार सम्मेलनको आयोजना गरि उक्त आरोप लगाएका हुन् ।

गत साउन २५ गते छिमेकी सुवालालले मुनेश्वरको नम्बरी जग्गामा रहेको रुख काटिदिएर जग्गा मिच्न खोज्दा मुनेश्वरका दाजु जगदीश मण्डल, छोरा प्रमोद मण्डल र भतिजा रामकुमार मण्डललाई कुटपिट गर्दै घाइते बनाएका थिए । जसमा मुनेश्वरका दाजु जगदीशको टाउँको फुटेको र छोराको खट्ा भाचेको पत्रकार सम्मेलनमा जानकारी दिएका छन् ।

उक्त घटनापश्चात् सबैको उपचार गरि जिल्ला प्रहरी

*बाँकी अन्तिम पृष्ठमा*

## सप्तरी काँग्रेसका सभापति दिनेश यादव प्रदेश २ को सभापतिमा उम्मेदवारी दिने



*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २१ भदौं ।**

नेपाली कांग्रेस सप्तरीका सभापति दिनेश कुमार यादवले १४ औं महाधिवेशनमा प्रदेश नं. २ को सभापति पदमा उम्मेदवारी दिने भएका छन् ।

पार्टीद्वारा सोमबार आयोजित पत्रकार सम्मेलनमा सभापति यादवले सो घोषणा गर्दै सिफारिस गरिएका क्रियाशील सदस्यता नदिइए कडा प्रतिकार गर्ने चेतावनी समेत दिएका छन् ।

आयोजित पत्रकार सम्मेलनमा पार्टीको विधान, नियमावली र केन्द्रीय परिपत्र बमोजिम विधिवत क्रियाशील फारम भरेर केन्द्रलाई बुझाएपनि यहाँको फायल नै बन्द गरिएको उनले बताए ।

जिल्लाभित्र करीब ९ हजार नयाँ क्रियाशील सदस्यले पार्टीप्रति आस्था राख्दै त्यस बापतको शूल्क समेत तिरिसकेको अवस्थामा केन्द्रीय क्रियाशील सदस्यता छानबिन समितिले स्थगित गरेकोप्रति आपत्ति जनाए ।

क्रियाशील सदस्यता स्थगन गर्दा चार हजारको संख्यामा पार्टी प्रवेश गरेका व्यक्तिलाई ठाउँ दिन नसकिएको र मापदण्ड पनि पूरा नभएको सभापति यादवले बताए । जिल्लाका १ सय ६४ मध्ये ९१ वडामा यस्ता समस्या देखिएको बताउँदै सभापति यादवले सप्तरी जिल्लामा धेरै ठूलो अन्याय गरेकोले यसप्रति घोर भर्त्सना गरे ।

सो पत्रकार सम्मेलनमा तरुण दलका निवर्तमान केन्द्रिय सदस्य तथा २ नं. क्षेत्रका महासमिति सदस्य सनत मण्डल, क्षेत्र नं. २ का सभापति महानन्द यादव, क्षेत्र नं.३ का सभापति भगवती यादव, काँग्रेस सप्तरीका प्रवक्ता प्रभात ललनलगायतको उपस्थिति रहेको थियो ।

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**फारम बितरण मिति : २०७८/५/२ गतेदेखी**
**फारम बुझाउने अन्तिम मिति : २०७८/५/२३**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

## सम्पादकीय

# महिलाहरुको स्वास्थ्य अवस्थामा सुधार भएन

ग्रामिण भेगका महिलाहरुको स्वास्थ्य अवस्था अहिले पनि सन्तोषजन देखिएको छैन् । उनीहरुको स्वास्थ्य स्थितिमा केही सुधार देखिए पनि सन्तोषजनक छैन् । अहिले पनि ग्रामीण भेगमा महिलाहरुको यौन तथा प्रजनन स्वास्थ्यको अवस्था खासै सुधारोन्मुख छैन् । महिलालाई अहिले पनि सन्तान उत्पादन गर्ने मेशिनका रुपमा हेर्ने हाम्रा संकीर्ण आँखाहरु यथावत नै छन् ।

महिलाहरुको स्वास्थ्य स्थिति सुधार्नका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय अनेकन प्रयासहरु भएका छन् । तर, यस्ता प्रयासहरु पूर्ण रुपमा सफल भएको देखिन्न् । सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकारको धारामा प्राथमिक स्वास्थ्य सेवालाई राज्यको दायित्वको रुपमा पहिचान गरेको छ । स्वास्थ्य क्षेत्रमा महिलामाथि हुने भेदभाव विरुद्धको अधिकार प्रदान गरेको छ । महिला स्वास्थ्यका क्षेत्रमा नेपाल सरकारले गरेका प्रतिबद्धता र नीति कार्यक्रममहरु सह्रानीय हुँदाहुँदै पनि महिलाको प्रजनन् स्वास्थ्य अधिकार अधिकारकै रुपमा भने स्थापित हुन सकिरहेको छैन ।

अहिले पनि हाम्रा समाजमा महिलाले आफ्नो प्रजनन् अधिकार सम्बन्धि स्वतन्त्र रुपमा निर्णय गर्न सकिरहेको वातावरण छैन । सानै उमेरमा आमा बन्नुपर्ने, धेरै सन्तान जन्माउनुपर्ने, अनिच्छित गर्भधारण गर्नुपर्ने जस्ता बाध्यकारी अवस्थामा कारण नेपालमा अहिले पनि बहुसंख्यक महिलाहरु पाठेघरको समस्याबाट प्रभावित छन् । तसर्थ महिलाहरुको प्रजनन् स्वास्थ्यलाई अधिकारका रुपमा स्थापित गरी प्रजनन् स्वास्थ्य सेवामा पहुँच बढाउन सबैको सहयोग आवश्यक छ । यसप्रति सम्बन्धित निकायले सूचना तथा जनचेतनामार्फत सरोकारवाला निकायसँग हातेमालो गर्नु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# भाषा आयोगद्वारा प्रधानमन्त्रीसमक्ष प्रदेशगत भाषा सिफारिस

काठमाडौँ, २१ भदौ (रासस) ।

**“प्रदेश नं २ का लागि मैथिली, भोजपुरी र बज्जिका भाषालाई सरकारी कामकाजको भाषाका रुपमा ल्याउन सिफारिस गरिएको छ । यो प्रदेशमा मैथिली ४५ दशमलव ३०, भोजपुरी १८ दशमलव ५८, बज्जिका १४ दशलमव ६५ र नेपाली भाषाका छ दशमलव ६७ प्रतिशत वक्ता सङ्ख्या छन् ।”**

संविधानको कार्यान्वयनका क्रममा गठित भाषा आयोगले सरकारी कामकाजको भाषाका आधार निर्धारणसहित नेपाल सरकारलाई भाषासम्बन्धी सिफारिस गरेको छ । आयोगको एक महत्वपूर्ण कार्यभार रहेको उक्त सिफारिससहितको प्रतिवेदन सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री शेरबहादुर देउवालाई आयोगका अध्यक्ष डा लवदेव अवस्थीले हस्तान्तरण गर्नुभएको हो । प्रधानमन्त्री देउवाले आयोगले समयमै सबै भाषाबारे अध्ययन, अनुसन्धन र विश्लेषण गरी सिफारिस गरेकामा आयोगप्रति सन्तोष व्यक्त गर्नुभयो ।

नेपालको संविधानको धारा २८७ मा भएको व्यवस्थानुसार २०७३ भदौ २३ गते गठित आयोगले पाँच वर्षभित्र सरकारी कामकाजको भाषाको सिफारिस गर्ने मुख्य कार्यादेश पाएको थियो । आयोगले प्रदेशको सरकारी कामकाजको भाषाका सम्बन्धमा संविधानको धारा ७ (२) बमोजिम प्रदेशले नेपाली भाषाका अतिरिक्त आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई कानूनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा, अन्य राष्ट्रभाषालाई प्रदेश कानूनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने गरी संविधानमा व्यवस्था गरिएको छ ।

आयोगले सिफारिस गर्दा अधिक जनसङ्ख्याको आधार, स्तरगत भाषा योजनाको सैद्धान्तिक आधार, लेखन प्रणाली, अभिलेखन, आधारभूत सेवाको आधार, शिक्षाका माध्यम भाषाको आधार, वक्ताको सघनता र विस्तार, भाषिक जीवन्तता, सञ्चार प्रयोग, प्रविधिउन्मुख भाषा, भाषाका वक्ता र भाषिक समुदायजस्ता आधार मानेको छ ।

सिफारिसअनुसार प्रदेश नं १ मा एक प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका १४ राष्ट्रभाषामध्ये मैथिली र लिम्बूभाषालाई सरकारी कामकाजको भाषाका रुपमा ल्याउन सुझाएको छ । यो प्रदेशमा नेपाली ४३ दशमलव ०७, मैथिली ११ दशमलव १९ र लिम्बू भाषाको ७ दशमलव ३१ प्रतिशत वक्ता सङ्ख्या रहेको छ ।

प्रदेश नं २ का लागि मैथिली, भोजपुरी र बज्जिका भाषालाई सरकारी कामकाजको भाषाका रुपमा ल्याउन सिफारिस गरिएको छ । यो प्रदेशमा मैथिली ४५ दशमलव ३०, भोजपुरी १८ दशमलव ५८, बज्जिका १४ दशलमव ६५ र नेपाली भाषाका छ दशमलव ६७ प्रतिशत वक्ता सङ्ख्या छन् । वाग्मती प्रदेशका लागि १८ दशमलव ३२ प्रतिशत वक्ता सङ्ख्या भएको तामाङ र १२ दशमलव ३० प्रतिशत वक्ता सङ्ख्या भएको नेवार भाषालााई कामकाजको भाषाका रुपमा सिफारिस गरिएको छ । यस प्रदेशमा नेपाली भाषाको वक्ता सङ्ख्या ५७ दशमलव ४२ प्रतिशत छ ।

गण्डकी प्रदेशका लागि नौ दशमलव ०३ प्रतिशत वक्ता सङ्ख्या रहेको मगर भाषा, सात दशमलव ८५ प्रतिशत वक्ता सङ्ख्या रहेको गुरुङ, सात दशमलव ०७ प्रतिशत वक्ता सङ्ख्या भएको भोजपुरीलाई सिफारिस गरिएको छ । यस प्रदेशमा ६७ दशमलव ८८ प्रतिशत नेपाली भाषाको वक्ता सङ्ख्या छ ।

लुम्बिनी प्रदेशका लागि १३ दशमलव १५ प्रतिशत वक्ता सङ्ख्या भएको थारु र ११ दशमलव ५२ प्रतिशत वक्ता सङ्ख्या रहेको अवधी भाषालाई सिफारिस गरिएको छ । यस प्रदेशमा नेपाली भाषाको वक्ता सङ्ख्या ५४ दशमलव ७० प्रतिशत छ । कर्णाली प्रदेशमा नेपालीबाहेक एकमात्र राष्ट्रभाषा रहेको मगर भाषालाई सिफारिस गरिएको छ । यहाँ मगर भाषाका वक्ता सङ्ख्या २ दशमलव २६ प्रतिशत छन् भने नेपाली भाषाको वक्ता सबैभन्दा उच्च सङ्ख्या ९५ दशमलव १४ प्रतिशत छ । सुदूरपश्चिम प्रदेशमा ३० दशमलव ४५ प्रतिशत वक्ता सङ्ख्या भएको डोटयाली र १७ दशमलव ०१ प्रतिशत वक्ता सङ्ख्या रहेको थारु भाषालााई सरकारी कामकाजको भाषाका रुपमा विकास गर्न सुझाव दिइएको छ ।

यस प्रदेशमा नेपाली भाषाको वक्ता सङ्ख्या ३० दशमलव १८ प्रतिशत छ । आयोगले स्थानीय तहले पनि तोकिएका आधारमा सरकारी कामकाजको भाषाका रुपमा कार्यान्वयन गर्न सक्ने उल्लेख गरेको अध्यक्ष डा अवस्थीले बताउनुभयो । सिफारिससहितको प्रतिवेदन तयारीका लागि विज्ञ वैरागी काइँला, डा जगमान गुरुङ, प्रा हृदयरत्न बज्राचार्य, प्रा अम्बरराज जोशी, प्रा योगेन्द्रप्रसाद यादव, प्रा चूडामणि बन्धु, प्रा तेजरत्न कंसाकार, प्रा माधवप्रसाद पोखरेल, प्रा नोवलकिशोर राई, प्रा जीवेन्द्रदेव गिरी, प्रा दानराज रेग्मी, प्रा दुविनन्द ढकाल, डा बलराम प्रसाईं र डा रुद्रलक्ष्मी श्रेष्ठ सम्मिलित सल्लाहकार समूह बनाएको थियो । यसका साथै उच्चस्तरीय प्रदेशगत प्रतिवेदन मस्यौदा समिति गठन गरेको थियो ।

आयोगले अङ्ग्रेजी भाषाको प्रभावका कारण नेपालमा सरकारी कामकाजको भाषा र अन्य राष्ट्रभाषा कमजोर स्थितिसहितको पाँचौं वार्षिक प्रतिवेदन, २०७८ आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको थियो ।

राष्ट्रभाषाको प्रवर्द्धनका लागि आयोगले नेपालभित्र प्रयोगमा रहेका सवारी साधनमा नेपालको संविधानले नचिनेको अङ्ग्रेजी भाषालाई समकक्षी भाषाका रुपमा ग्रहण गरिनु र सरकारी कामकाजमा अङ्ग्रेजी भाषालाई समकक्षी भाषा बनाइनु उपयुक्त नहुने सुझाएको छ । अङ्ग्रेजी

*बाँकी तीन पृष्ठमा*



# स्थानीय तहसँग जोडिँदै परराष्ट्र मन्त्रालय

काठमाडौँ, २१ भदौ (रासस)।

परराष्ट्र मन्त्रालयले कन्सुलर सेवा प्रवाहमा स्थानीय सरकारसँग यसै सातादेखि सहकार्य गर्दैछ। अध्ययन र श्रमलगायत विभिन्न पेशा तथा व्यवसायमा विदेशमा रहेका नेपाली नागरिकसँग जोडिएका घटना र समस्याको छिटोछरितो तथा सरलरुपमा सम्बोधन गर्न सकियोस् भन्ने हेतुले कन्सुलर सेवा विभागले स्थानीय सरकारसँग सहकार्य अघि बढाउन लागेको हो।

विदेशमा अलपत्र परेका, उपचार गर्न आवश्यक भएका, शव ल्याउनुपर्ने अवस्थाका, क्षतिपूर्ति, मुद्दा लड्ने काम र खोजतलासलगायत सम्पूर्ण कन्सुलरसम्बन्धी ठीक ढङ्गले अघि बढाउन स्थानीय तहसँग सहकार्य गर्न लागिएको विभागका महानिर्देशक धनबहादुर वलीले जानकारी दिनुभयो।

स्थानीय तहसँगको सहकार्यमा विदेशमा लाखौँको सङ्ख्यामा अध्ययन, रोजगारीलगायत विभिन्न पेशा व्यवसायमा रहेकालाई कुनै समस्या परेका खण्डमा रहेबसेकै ठाउँबाट निवेदन दिन सकिने सुविधाहित विभागले यही भदौ २५ गतेदेखि सेवा सुरु गर्दैछ।

विभागले स्थानीय तहसँगको सहकार्यमा कार्यक्रम गर्ने क्रममा काठमाडौँबाटै यो सेवा प्रारम्भ गर्ने छ। विदेशमा स्थानीय कानुनअनुसार आवश्यक कागजात तयार गरी प्रस्तुत गर्नपर्ने भएकाले तयार गर्ने क्रममा कमजोरी र त्रुटि नहोस् भन्नाका लागि सम्पर्क/सञ्चार स्थापित गरी सहकार्य अत्यावश्यक भएको जानकारी दिइएको छ।

विदेशमा रहेका नेपालीलाई परेको समस्या समाधान गर्न कागजपत्र जुटाउन सहजताका लागि हरेक स्थानीयवासीलाई अनलाइन प्रणालीमा जोड्ने तयारी भइरहेको उहाँले स्पष्ट पार्नुभयो। सूचना प्रविधिका आधारमा संयन्त्र विकास गरी स्थानीय निकायले विदेशमा समस्यामा परेका नागरिकका कागजातको प्रगति, अनुगमन र सेवामा ढिलाइ भएमा अनुरोध गरेर पठाउन सक्नेसहितको सेवा प्रदान हुने छ।

स्थानीय सरकारले विवाह, जन्मदर्ता, नाताप्रमाणितलगायत सबै कागजात जारी गर्ने र कन्सुलर विभागका कुनै पनि शाखा, एकाइ स्थानीय तहमा नरहेकाले सहकार्यको आवश्यकता खड्किएको हो। कोरोना र बजेटलगायत कारण एकैसाथ ७५३ स्थानीय तहमा पुग्न कठिन भएकाले अर्को वर्ष सबै तहमा पुग्ने लक्ष्य बनाइएको विभागले जनाएको छ। यस वर्ष भने सबैभन्दा धेरै विदेश जाने जिल्ला र स्थानीय तह पहिचान गरिएका पालिकासँग सहकार्य गर्ने योजना विभागले बनाएको छ।

कानुनी र संरचनागत हिसाबमा केन्द्रीय तहबाट स्थानीय तहमा जान लागेकाले सहकार्यसम्बन्धी कार्यक्रमलाई सङ्गठनात्मक संरचनाले निर्देशन र नियन्त्रण नगर्ने भए पनि जनतालाई घरदैलामै प्रविधिका माध्यमबाट सेवा पुऱ्याउने काम स्थानीय तहले सकारात्मकरुपमा ग्रहण गर्ने विभागले विश्वास लिएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय पञ्जिकरण विभागको संयन्त्रसँगै सहकार्य गर्ने भएकाले सहज हुन्छ भन्नेमा आशावादी रहेको विभागले जनाएको छ। भौतिक सुविधा उपलब्धता, इन्टरनेट, विद्युत्, जनशक्ति, ग्रहण गर्नेजस्ता केही चुनौती आउन सक्ने आकलन गरिएको छ।

## *भाषा आयोगद्वारा ...*

माध्यमको शिक्षालाई प्रारम्भिक तहदेखि विस्तार गर्ने कार्य संविधानको धारा ७ को (१) को प्रावधान विपरीत भएको जनाउँदै आयोगले सङ्घ, प्रदेश र स्थानीय तहमा सरकारी कामकाजको भाषा र नेपालीका अतिरिक्त प्रदेशले निर्धारण गरेका सरकारी कामकाजको भाषामा प्रविधि अनुकूल हुने गरी सवारी साधनमा विद्युतीय सङ्केत सङ्ख्या (इम्बोस्ड नम्बर) राख्न संविधानसम्मत् हुने सिफारिश गरेको छ। मातृभाषामा शिक्षा पाउने नैसिर्गिक हकको प्रत्याभूतिका लागि स्थानीय तहबाट प्रतिबद्धता आउन आवश्यक रहेको प्रतिवेदनले जनाएको छ।

आयोगको अध्ययनबाट थप पहिचान गरेका आठसहित १३१ भाषा नेपालमा बोलिने भाषा रहेकामा १० हजारभन्दा कम वक्ता सङ्ख्या भएका भाषा ७४ छन्। कम बोलिनेमध्ये मौखिक परम्परामा आधारित र अत्यन्त थोरै वक्ता भएका दुरा, कुसुन्डा, तितुङ, बराम र लुङ्खिम जस्ता भाषा लोपोन्मुख अवस्थामा रहेको उल्लेख छ। नेपालको जनगणना, २०६८ मा नेपालमा बोलिने भाषा १२३ रहेको तथा नेपाली भाषाका मातृभाषी वक्ता ४४ दशमलव ६४ प्रतिशत र दोस्रो भाषाका रुपमा नेपाली भाषा प्रयोग गर्ने ३२ दशमलव २८ प्रतिशत रहेको देखाएको थियो।

नेपालको संविधानको धारा ३२ मा 'प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने र आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुने' व्यवस्था गरिएको छ। यसैगरी 'राज्यले बहुभाषिक नीति अवलम्बन गर्दै विभिन्न भाषाका बीचमा पारस्पारिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी सङ्घीय एकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने राज्यको नीति रहेको' उल्लेख छ।









# विश्व समाचार

## तालिबानद्वारा पञ्जशिर प्रान्त पनि कब्जा गरेको दाबी

काबुल, २१ भदौ (रासस/सिन्ह्वा)।

अफगानिस्तानको पञ्जशिर प्रान्त पनि तलिबान विद्रोहीहरुले कब्जामा लिइएको घोषणा गरेका छन्। देशका कूल ३४ प्रान्तमध्ये ३३ प्रान्त यसअघि नै कब्जा गरिसकेका तालिबान विद्रोहीहरुले पाञ्जशिर प्रान्त पनि कब्जा गरेसँगै सबै प्रान्त कब्जा भएका छन्।

तालिबान विद्रोही र सरकारी सुरक्षाकर्मीहरुका बीचमा लामो समय भिडन्त भएपछि अन्ततः तालिबान विद्रोहीहरुले नै पञ्जशिरमा जीत हासिल गरेका हुन्। तालिबान विद्रोहीका प्रवक्ता जाबिहुल्लाह मुजाहिदले पञ्जशिरमा आफूहरुको जीत भएको र प्रान्त नै आफूहरुको नियन्त्रणमा आइसकेको दाबी गर्नुभयो। "अफगानिस्तानका सबै भूभाग कब्जा गर्नेक्रममा सबैभन्दा अन्त्यमा पञ्जशिर प्रान्त पनि हामीले नियन्त्रणमा लिन सफल भएका छौँ", प्रवक्ता मुजाहिदले भन्नुभयो।

आफूहरुको सत्तालाई तालिबान विद्रोहीहरुले इस्लामिक इमरेट्स अफ अफगानिस्तान भन्ने गरेका छन। पञ्जशिर पनि अब यहीमार्फत सञ्चालित हुने भएको छ। विद्रोही र तत्कालीन सत्तापक्षका बीचमा भएको भिडन्तका क्रममा कैयौँको मृत्यु भएको छ भने अरु कैयौ घाइते पनि भएको विवरणहरु सार्वजनिक भएका छन्।

पञ्जशिरमा भएको लडाइँमा हजारौँले भाग लिएका जनाइएको छ। भिडन्तका क्रममा अरु कैयौँको मृत्यु भएको हुनसक्ने अनुमान गरिएको छ। तर क्षतिको स्पष्ट विवरण भने प्राप्त भइसकेको छैन। काबुलको उत्तरमा पर्ने पञ्जशिर उपत्यका अफगानिस्तानको सबैभन्दा सानो प्रान्त हो भने यसलाई तालिबान विद्रोहीहरुले अहिलेसम्म नियन्त्रणमा लिन सकेका थिएनन्।

पहाडहरूले छेकिएको उक्त प्रान्त परम्परागतरूपमा नै तालिबान विरोधी गढ मानिन्छ। डेढ लाखदेखि दुई लाख मानिसको बसोबास पञ्जशिरका अग्ला चट्टान र दुई पहाडका बीचमा रहेका खोँचहरूले उक्त स्थानलाई तालिबान बलियो गढ बनाएको हो। बहुमूल्य धातुका खानी, जलविद्युत् बाँधहरू र वायु ऊर्जा केन्द्र रहेको त्यस क्षेत्रमा अमेरिकाले सडक निर्माण र काबुलबाट सङ्केत प्राप्त गर्नसक्ने रेडियो टावरसमेत निर्माण गरेकाले विगतमा तालिवान विद्रोहीहरुले कब्जामा लिन नसकेको बताइन्छ।

## बेलायतमा २४ घण्टामा कोरोना भाइरसका ३७ हजारभन्दा बढी सङ्क्रमित देखिए

लन्डन, २१ भदौ (रासस/सिन्ह्वा)।

आइतबार बेलायतमा एकैदिन कोरोना भाइरसका ३७ हजारभन्दा बढी सङ्क्रमित फेला परेका छन्। केही दिनपछि यहाँ भाइरसका सङ्क्रमित थपिनेक्रम बढ्दै गएको छ। यहाँ गएको २४ घण्टामा ३७ हजार ११ जना कोरोना भाइरसका नयाँ सङ्क्रमित थपिएका बताइएको छ। यो समेत गरी यहाँ त्यहाँ ६९ लाख ७८ हजार ६२ जना सङ्क्रमित पुगेका छन्।

त्यसैगरी यहाँ गएको २४ घण्टामा ६८ जनाको कोरोनाकै कारण निधन भएको पनि बताइएको छ। यहाँ पछिल्ला केही हप्तामा सङ्क्रमितहरु थपिने र निधन हुनेको सङ्ख्या पनि बढेको बताइएको छ। यहाँ यो भाइरसबाट एक लाख ३३ हजार २२९ जनाको निधन भइसकेको छ। यहाँ पछिल्लो समयमा लकडाउन खुला गरिएको र त्यसपछि पनि भाइरसको सङ्क्रमण बढ्दै गएको पाइएको छ।

## भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि कमी

नयाँ दिल्ली, २१ भदौ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितहरुको सङ्ख्यामा फेरि कमी आएको छ। पछिल्लो समय केरला राज्यमा दैनिक सङ्क्रमितहरुको सङ्ख्या एकाएक बढेपछि देशभरीको सङ्ख्यामा पनि वृद्धि देखिएको थियो। यसअघि दैनिक ४० हजारभन्दा बढी सङ्क्रमितहरु थपिने गरेकामा अहिले घटेर ३८ हजार पुगेको अधिकारीहरुले जानकारी दिएका छन्।

केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमबार बिहान सार्वजनिक गरेको विवरणअनुसार भारतमा थप ३८ हजार ९४८ जना नयाँ सङ्क्रमित थपिएका छन्। ती मध्ये केरला राज्यमा मात्रै २६ हजार ७०१ जना सङ्क्रमित भएका छन्। भारतमा अहिलेसम्म कुल सङ्क्रमितहरुको सङ्ख्या तीन करोड ३० लाख २७ हजार ६२१ पुगेको मन्त्रालयले जनाएको छ।

पछिल्लो ७१ दिनदेखि भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या ५० हजारभन्दा कम हुदै आएको छ। त्यसैगरी पछिल्लो केही दिनदेखि सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्यामा पनि बृद्धि भएको छ। केही हप्तासम्म चार लाखभन्दा कम सक्रिय सङ्क्रमितहरु रहेकोमा अहिले बढेर चार लाख चार हजार ८७४ पुगेको छ।

भारतमा कोरोनाभाइरसका कारण अहिलेसम्म चार लाख ४० हजार ७५२ को मृत्यु भएको छ भने तीमध्ये २१९ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको हो। त्यसैगरी एक दिनमा ४३ हजार ९०३ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्।

## पाकिस्तानमा तीन हजार ६१३ जना थप व्यक्ति सङ्क्रमित

इस्लामाबाद, २१ भदौ (रासस /सिन्ह्वा)।

पाकिस्तानमा आइतबार तीन हजार ६१३ कोभिडका थप सङ्क्रमित भेटिएको नेशनल कमाण्ड एण्ड अपरेसन सेन्टर (एनसीओसी) ले सोमबार जनाएको छ। पाकिस्तानमा कोरोना शुरु भएदेखि हालसम्म ११ लाख ८२ हजार ३१९ जना सङ्क्रमित भएका छन्। त्यसगरी १० लाख ६४ हजार ३१९ कोरोना मुक्त भएका छन्। हाल पाकिस्तानमा सक्रिय सङ्क्रमितको संख्या ९२ हजार ३६७ रहेको छ। ती मध्ये ५ हजार ६०६ जना अवस्था गम्भीर रहेको बताइएको छ। कोरोनाको कारण हालसम्म पाकिस्तानमा २६ हजार २३२ जनाका मृत्यु भएको छ।

# जिल्ला अदालतको फैसला उच्चद्वारा सदर छलेर फैसला गरेको पीडितको आरोप



**दैनिक समाचारदाता राजविराज, २१ भदौं ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी कंचन कुमारी यादबको हत्या गरेको आरोप लागेका बिनिता यादवलाई उच्च अदालत जनकपुर-राजबिराज इजलाशले जिल्ला अदालतको फैसलालाई नै सदर गरि धरौटी बुझाएर छोड्न आदेशप्रति पीडित पक्षले आपति जनाएको छ ।

सोमवार नेपाल पत्रकार महासंघ सप्तरी शाखामा आयोजित पत्रकार सम्मेलनमा मृतक कंचनका भाइ सिद्धान्तराज यादबले अदालतले गरेको उक्त फैसलाले आफु अन्याय परेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् ।

उच्च अदालतबाट जिल्ला अदालतले असार २० गते गरेको फैसला सदर गरेपछि राजबिराज नगरपालिका ५ कि बिनिता यादव १ लाख ५० हजार धरौटी बुझाएर तारेखमा रिहाई भएकी छिन् ।

उच्च अदालतमा मुद्दाबारे बुझ्न जाँदा तपाईंको मुद्दा झरेको छ अर्कै दिन बेन्चमा जान्छ भनी झुक्याएर पठाए, पीडित सिद्धान्तराजले भने, आफू फर्किएर आएपछि साँझ ५ बजे छलेर दिदीको हत्यारालाई उन्मुक्ति दिने फैसला गऱ्यो । पीडित यादवले आफ्ना पक्षका वकिललाई बहस गर्ने अबसर नै नदिई हतारमा निर्णय गरेको भन्दै असन्तुष्टि जनाए ।

पीडित पक्षले उच्च अदालतका न्यायाधीशद्वय शान्तिसिंह थापा र बासुदेव आचार्यले आफुलाई झुक्याएर जिल्ला अदालतको फैसलालाई सदर गरि अन्याय गरेको भन्दै न्यायका लागि संचारकर्मिहरूसँग आग्रह गरेका हुन् ।

प्रतिबादी बिनिता यादव मृतक कंचनको हत्यामा प्रत्यक्ष संलग्नता नदेखिएकोले धरौटी बुझाएर तारेखमा छोड्न जिल्ला न्यायाधीश ईश्वरमनी ओझाले गरेको आदेश सदर गर्दै उच्च अदालतले आदेश बेरितको नदेखिदा केही परिवर्तन गरिरहनु परेन भन्दै आदेशमा भनिएको छ ।

मुद्दा नेपाल सरकारबादी भएपनि आफुले निजी वकिललाई बहसका लागि राखेको बताउँदै पीडितले आफ्ना वकिललाई पनि झुक्याएर बहस गर्ने अबसरबाट बञ्चित गराएको गुनासो गरे ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका १ कविलासामा २०६६ साल साउन १४ गते कंचन कुमारी यादवको आफ्नै श्रीमानले हत्या गरेका थिए । हत्याको आरोपमा उनका श्रीमान् अरबिन्द यादव पूर्पक्षका लागि राजबिराज कारागारमा छन् ।

मृतकका माईती पक्षले अरबिन्द र बिनिताको योजनामा कंचनको हत्या गरेको भन्दै उनीहरु विरुद्ध २०७६ सालमा मुद्दा दर्ता गराएका थिए । कंचनको मृत्युपछि बिनिता फरार रहेकी थिईन् ।

### *कुटपिट गर्दै ...*

कार्यालयमा उजुरी समेत दिएकोमा जिल्लाले प्रहरी चौकी लोहजरालाई घटना बारे अनुसन्धान गर्न भनेको उनको भनाई छ । प्रहरी चौकी लोहजरा, वडा कार्यालय तथा स्थानियहरुले दुबै पक्षलाई जग्गा नापी गर्ने भन्दै मिलापत्र गराएको पीडित मुनेश्वरले बताए ।

जग्गा नापी गर्नका लागि अमिन समेतको टोलीले मुनेश्वरको साढे ५ धुर जग्गा यथास्थितिमै रहेको र जग्गा नमिचेको निष्कर्ष निकाले पनि जग्गाको सीमाङकन नगरिदिएको उनको गुनासो छ । जसकारण उनी बारम्बार छिमेकीबाट पीडित बन्दै आएको पत्रकार सम्मेलनमा जानकारी दिए ।

यता मुनेश्वरले गाउँपालिका र वडामा समेत उजुरी दिएपनि हालसम्म त्यसको टुङ्गो नलागेकोले सीमा छुट्याउन तथा घाइतेहरुको क्षतिपूर्ति दिलाउन माँग गरेका छन् । आफू अन्यायमा परेको भन्दै सम्पूर्ण संचारकर्मीसँग उनले न्यायका लागि पहल गरिदिन आग्रह पनि गरे ।

# रेल्वे कम्पनीका कर्मचारी हटाइए

काठमाडौँ, २१ भदौ (रासस) ।

नेपाल रेल्वे कम्पनीले यसअघिको नेतृत्वले ज्यालादारीमा नियुक्त गरिएका कर्मचारी हटाउने निर्णय गरेको छ ।

कम्पनीका प्रबन्ध सञ्चालक नीरञ्जनकुमार झाले विज्ञप्ति जारी गर्दै ती कर्मचारीलाई आफूखुसी हाजिर नगर्न भन्नुभएको छ ।

कानूनी तथा प्राविधिक कारणले जयनगर-कुर्था खण्डमा रेल सेवा सञ्चालनमा केही समय लाग्ने बताइएको छ ।

तत्कालीन व्यवस्थापनबाट ज्यालादारीमा खटाउने भनिएका व्यक्ति हाजिर गरिरहेका बताइएको छ ।

कार्यालयले काममा नखटाई आफूखुसी हाजिर गरेका आधारमा ज्याला रकम भुक्तानी गर्न नमिल्ने विज्ञप्तिमा उल्लेख छ ।

# एउटै परिवारका ६ जनाको हत्या

किमाथाङ्का, २१ भदौ (रासस) ।

सङ्खुवासभामा एउटै परिवारका ६ जनाको हत्या भएको छ ।

अज्ञात समूहले मादी नगरपालिका-१ खोला गाउँका तेजबहादुर कार्कीको परिवारका सदस्यहरुको हत्या गरेको हो ।

प्रहरी नायब उपरीक्षक लालध्वज सुवेदीका अनुसार ५८ वर्षीय कार्की, ८४ वर्षीया आमा पार्वता, ५६ वर्षीया श्रीमती मनमाया, २८ वर्षीया बुहारी रञ्जना, १० वर्षीय नाति दीपक र पाँच वर्षीया नातिनी गोमाको धारिलो हतियार प्रयोग गरी हत्या गरिएको छ । सोमबार बिहान छिमेकीले सबैलाई मृत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेको स्थानीय शिक्षक योगेन्द्र ओझाले जानकारी दिनुभयो ।

सदरमुकामबाट प्रहरी नायब उपरीक्षक सुवेदीसहितको टोली घटनास्थलतर्फ गएको छ । यस्तै इलाका प्रहरी कार्यालय चैनपुरबाट समेत प्रहरी टोली खोला गाउँ गएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

### *नापी अधिकृत र वडा ...*

मिलोमतोमा नम्बरी जग्गालाई बाटो कायम गरिदिएकोले आफू अन्यायमा परेको भन्दै संचारकर्मीसँग न्यायका लागि अपिल गरेका छन् ।

यसैबीच वडा अध्यक्ष माँगिलाल नाईले नम्बरी जग्गालाई बाटो कायम गर्ने विषय आफूलाई थाहा नभएको र नापीको आफ्नै नियम रहेकोले यस विषयमा आफ्नो कुनै संलग्नता नरहेको बताएका छन् ।

उनले आफू कुनै रकमको प्रलोभनमा नपरेको दाबी गर्दै रकम लिएको प्रमाणित गर्न सम्बन्धीत पक्षसँग माग समेत गरे ।








देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*